# फिदिम राजपत्र

## फिदिम नगरपालिकाद्वारा प्रकाशित

खण्डः ९ फिदिम,पाँचथर भदौ १७ गते २०८२ संख्याः २

**भाग-२**

**फिदिम नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**फिदिम पाँचथरको सूचना**

**फिदिम नगरपालिका लघु तथा साना जल विद्युत आयोजना (सञ्चालन तथा व्यवस्थापन) नियमावली, २०८२**

# फिदिम नगरपालिका लघु तथा साना जल विद्युत आयोजना (सञ्चालन तथा व्यवस्थापन) नियमावली, २०८२

**प्रस्तावनाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ को उपदफा (२) खण्ड ध बुंदा नं २ को कार्यान्वयन सहजीकरणका लागि फिदिम नगरपालिकाबाट १ मेगावाट (१००० किलोवाट) भन्दा कम क्षमताका आयोजनाहरूको सर्वेक्षण, उत्पादन, प्रसारण एवम् वितरण सम्बन्धी व्वस्थालाई थप व्यवस्थित गर्न फिदिम नगरपालिका लघु तथा साना जल विद्युत आयोजना (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०८२ को दफा १५ को अधिकार प्रयोग गरी फिदिम नगर कार्यपालिकाले यो नियमावली बनाएको छ।

## परिच्छेद–१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**(१) यस नियमावलीको नाम “फिदिम नगरपालिका लघु तथा साना जल विद्युत आयोजना (सञ्चालन तथा व्यवस्थापन) नियमावली, २०८२” रहेको छ ।

(२) यो नियमावली नगर कार्यपालिकाबाट पारित भई राजपत्रमा प्रकाशन भए पश्चात लागू हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

(क) “अनुमति पत्र” भन्नाले ऐन बमोजिम दिइने अनुमति पत्र सम्झनुपर्छ।

(ख) “अनुमति प्राप्त व्यक्ति” भन्नाले ऐन बमोजिम अनुमति पत्र प्राप्त व्यक्ति वा संस्थालाई सम्झनु पर्छ।

(ग) “आधिकारिक व्यक्ति ” भन्नाले प्रवर्द्धक तथा अनुमति प्राप्त व्यक्तिको तर्फबाट सम्पर्क वा पत्राचार गर्न तोकिएको व्यक्तिलाई सम्झनु पर्छ।

(घ) “आयोजना ” भन्नाले विद्युत उत्पादनका लागि सर्वेक्षण,उत्पादन, वितरण र सञ्चालन गरिने आयोजनालाई सम्झनु पर्छ।

(ङ) “ऐन” भन्नाले फिदिम नगरपालिका लघु तथा साना जल विद्युत आयोजना (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०८२ लाई सम्झनु पर्छ।

(च) “कार्यालय” भन्नाले फिदिम नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ।

(छ) “कार्यपालिका” भन्नाले फिदिम नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनुपर्छ

**(ज)** “प्रवर्द्धक” भन्नाले कुनै आयोजनाको सर्वेक्षणका लागि दरखास्त दिएका वा अनुमति प्राप्त गरेका व्यक्तिलाई सम्झनुपर्छ।

(झ) “प्रमुख” भन्नाले फिदिम नगरपालिका नगर प्रमुखलाई सम्झनुपर्छ।

(ञ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले फिदिम नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

(ट) “नगरपालिका” भन्नाले फिदिम नगरपालिकालाई सम्झनु पर्दछ। यसको क्षेत्र अनुसूची-१ बमोजिमको हुनेछ।

(ठ) “समिति” भन्नाले ऐनको दफा १० बमोजिमको समितिलाई सम्झनु पर्दछ।

(ड) "निरीक्षक " भन्नाले कार्यालयबाट आयोजनाको अनुगमन, निरीक्षण तथा प्रतिवेदन सम्बन्धी कार्य गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

(ढ) "तोकिएको" भन्नाले ऐन तथा यस नियमावलीको कार्यान्वयनका लागि नगर सभा, नगर कार्यपालिका वा कार्यालयले गरेका निर्णय सम्झनु पर्छ ।

## परिच्छेद - २
## सर्वेक्षण, निर्माण, उत्पादन, प्रसारण तथा वितरण अनुमति सम्बन्धी व्यवस्था

**३.** सर्वेक्षण अनुमतिका लागि दरखास्त दिनुपर्नेः (१) नगरपालिका क्षेत्र भित्र सञ्चालन हुने आयोजनाका लागि ऐनको दफा ४ बमोजिम अनुसूची २ को ढाँचामा निवेदन पेस गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको दरखास्त साथ तपसिलका कागजात संलग्न राख्नुपर्नेछ ।

(क) अध्ययन कार्य गर्न लाग्ने अनुमानित खर्चको विस्तृत वाँडफाँड (Detailed Cost Breakdown)

(ख) सुरुको २ वर्षमा गर्ने अध्ययन कार्य सहित अध्ययन सम्पन्न गर्ने कार्य तालिका

(ग) योजनाको हाईड्रोलोजिकल विश्लेषण खुल्ने गरी परामर्श दाता संस्थाबाट तयार पारेको अध्ययन प्रतिवेदन ।

(घ) नापी विभागद्वारा प्रकाशित १:२५,००० वा १:५०,००० स्केलको स्थलरुप नक्शामा अक्षांश र देशान्तर खुल्ने गरी आयोजनाको लागि आवश्यक क्षेत्र तथा जलाधार क्षेत्र र आयोजनाको संरचनाहरु समेत रेखाङ्कन गरिएको स्थलगत नक्सा

(ङ) संस्थादर्ताको प्रमाणपत्र, स्थायी लेखा प्रमाणपत्र, संस्थाको प्रबन्धपत्र तथा नियमावली र कर दाखिलाको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(च) प्राविधिक क्षमता प्रमाणित हुने कागजात,

(छ) प्रवर्द्धकको तर्फबाट सम्पर्क वा पत्राचार गर्न तोकिएको आधिकारिक व्यक्तिको पत्राचार गर्ने स्पष्ट ठेगाना, सम्पर्क टेलिफोन लगायतको विवरण ।

**४.** आयोजनाको जडित क्षमता निर्धारण गर्ने तरीकाः (१) अनुमतिपत्र माग गरिएको आयोजनाको जडित क्षमता निर्धारण गर्न प्रवर्द्धकले उपलब्ध गराएको हाइड्रोलोजिकल टाइम सिरिज डाटाको प्रोब्याबिलिटी अफ एक्सिडेन्स (Probability of Excedence/ Q40_Q65) (फोर्टी देखी सिक्टी फाइभ) लाई सामान्यतया आधार बनाउने छ ।

(२) प्रवद्र्धकले पेश गरेको हाईड्रोलोजिकल तथ्यांङ्क कार्यालयमा उपलब्ध आधिकारिक तथ्याङ्कसंग तात्विक रुपमा फरक परेको पाईएमा कार्यालयमा उपलब्ध तथ्यांकलाई आधार मानी सम्बन्धित आयोजनाको जडित क्षमता निर्धारण गरिनेछ ।

(३) यसरी कुनै आयोजनाको जडित क्षमता निर्धारण गर्दा कार्यालयले जलस्रोतको उपयोग, विद्युत बजारको उपलब्धता र लगानीको अधिकतम प्रतिफललाई समेत आधार मानी क्षमता निर्धारण गर्नेछ ।

**५. प्रवर्द्धकले आफ्नो आर्थिक क्षमता तथा प्राविधिक क्षमता प्रस्तुत गर्न पेस गर्नुपर्ने कागजातः**(१) प्रवर्द्धकले आयोजनाका लागि आफ्नो आर्थिक क्षमता प्रस्तुत गर्न तपसिलका कागजात पेस गर्नुपर्नेछ ।

(क) दर्तावाल चार्टर्ड एकाउन्टेन्टबाट प्रमाणित भएको कम्तिमा पच्चिस लाख बराबरको खुद सम्पत्ति रहेको विवरण

(ख) एक भन्दा बढी आयोजनाको सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त दिनेको हकमा कार्यालयले माग गरेको आयोजना कार्यान्वयन गर्न सक्ने अतिरिक्त आर्थिक क्षमता प्रति किलोवाट दुई हजार को आर्थिक क्षमता

(२) प्रवद्र्धकले आफ्नो प्राविधिक क्षमता प्रस्तुत गर्न प्रचलित कानून बमोजिम नेपालमा दर्ता भएको परामर्शदातृ संस्थासँगको सम्झौतापत्र, परामर्शदातृ संस्थाको प्रमाणपत्र, स्थायी लेखा नम्वरको प्रमाणपत्र एवं प्रबन्धपत्र तथा प्रवर्द्धक संस्थाको नियमावलीको प्रमाणित प्रतिलिपि।

**६.** सर्वेक्षण अनुमति दरखास्त उपरको कारबाहीः(१) दफा १० को समितिले नियम ३, ४ र ५ बमोजिम आवश्यक कागजात तथा योग्यता पूरा भएको ठहराएमा अनुमति पत्र प्रदानका लागि नगर कार्यपालिका समक्ष सिफारिस गर्नेछ।

(२) उपदफा (१) बमोजिम सिफारिस प्राप्त भएपछि नगर कार्यपालिकाले अनुमति प्रदान गर्न सक्नेछ।

(३) अनुमति पत्र प्राप्त गर्न तोकिए बमोजिमको दस्तुर फिदिम नगरपालिकाको आन्तरिक राजस्व खातामा जम्मा गरेको हुनपर्नेछ।

(४) आयोजना सर्वेक्षण अनुमति पत्रको ढाँचा अनुसूची (३) बमोजिमको हुनेछ।

## परिच्छेद - ३
## निर्माण, उत्पादन, प्रसारण तथा वितरण अनुमति सम्बन्धी व्यवस्था

**७. निर्माण, उत्पादन, प्रसारण तथा वितरण अनुमतिका लागि दरखास्त दिनुपर्नेः**(१) ऐनको दफा ७ बमोजिम निर्माण, उत्पादन, प्रसारण तथा वितरण अनुमतिका लागि निवेदन दिंदा तपसिलका कागजात विवरण सहित अनुसूची (४) को ढाँचामा आर्थिक ऐनमा उल्लेख भए बमोजिमको दस्तुर बुझाई निवेदन दिनुपर्नेछ।

(क) यस नियमको उपनियम (२) बमोजिमको बित्तीय व्यवस्था सम्बन्धी विवरण,

(ख) घर जग्गाको उपयोग वा परियोजनाको लागि स्थायी वा अस्थायी तवरबाट उपयोग वा प्राप्तिको लागि चाहिने आवश्यक सरकारी वा गैर सरकारी जग्गाको कूल क्षेत्रफल र जग्गा धनीको लगत,

(ग) प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन

(घ) विद्युत खरिद सम्झौता तथा कनेक्शन एग्रिमेन्ट,

(ङ) ग्रीडमा आबद्ध नगरी ग्रामीण विद्युतीकरण गर्ने भएमा विद्युतीकरण हुने क्षेत्र तथा ग्राहकको विवरण

(च) आयोजना क्षेत्रको प्रमुख संरचनाको रेखाङ्कन तथा coordinate सहितको सक्कल टोपो नक्शा,

(छ) निर्माण कार्यको विस्तृत तालिका,आयोजनाको सम्भाव्यता अध्ययन विस्तृत इन्जिनियरिङ्ग डिजाइन र डिजाइन नक्साहरू तथा सोको विद्युतीय प्रति

(ज) तोकिए बमोजिम अन्य विवरणहरु

(२) वित्तीय व्यवस्था सम्बन्धी आवश्यक कागजातहरु देहाय बमोजिमका हुनेछन

(क) आयोजनामा हुने स्व पूंजी र ऋणको लगानी अनुपात खुल्ने जानकारी, विवरण,

(ख) पछिल्लो आ.व को लेखा परीक्षण गरिएको वित्तीय विवरण,

(ग) आयोजनाको स्व पूंजी बराबरको कम्पनीको नेटवर्थ वा सोही बराबरको शेयर होल्डरहरुको स्वयंपूँजी लगानी गर्ने क्षमता पुष्टी हुने बैंक स्टेटमेन्ट वा अन्य सम्पत्ति विवरण वा लगानी गर्न इच्छुक व्यक्ति वा

संस्थासँग भएको सम्झौता तथा इच्छुक व्यक्ति वा संस्थाको आर्थिक हैसियत पुष्टि हुने चार्टड एकाउण्टेण्टबाट प्रमाणित कागजात वा साथै बैंक स्टेटमेन्ट

(घ) शेयर पूँजीमा लगानी गर्ने प्रतिवद्धता गरिएको संचालक समितिको निर्णयको प्रमाणित प्रतिलिपि,

(ङ) आयोजनामा प्रत्यक्ष रुपले सहभागी हुने वित्तीय संस्थाहरुसँगको ऋण सम्झौता वा ती संस्थाहरुबाट पेश भएको लगानी गर्ने प्रतिवद्धता ।

(३) प्रवर्द्धक कम्पनिसँग सम्बन्धित कागजातहरू

(क) कम्पनी दर्ताको प्रमाणपत्र, प्रबन्धपत्र तथा नियमावली,

(ख) स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र,

(ग) कम्पनीको अद्यावधिक शेयर लागत अभिलेख,

(घ) अघिल्ला दुई आ.व. मध्ये एक आ.व.को कर चुक्ता प्रमाणपत्र अथवा कर दाखिला गरेको प्रमाण,

(ङ) उद्योग दर्ताको प्रमाणपत्र, वैदेशिक लगानीको हकमा सोको स्वीकृति

(४) विद्युत उत्पादनको सर्वेक्षण अनुमति पत्रमा कायम रहेको जडित क्षमता नै विद्युत उत्पादनको अनुमति पत्रमा कायम गरिनेछ । तर Hydrology, Power Evacuation लगायतका कारणले फरक क्षमताको लागि विद्युत खरिद विक्री सम्झौता (PPA) वा जडान सम्झौता (Connection Agreement) भएको अवस्थामा संशोधित संभाव्यता अध्ययन प्रतिवेदन तथा आवश्यकता अनुसार संशोधित स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन प्राप्त भए पश्चात् सोही क्षमताको लागि विद्युत उत्पादनको अनुमति पत्रको कारवाही अगाडि बढाइने छ ।

(५) विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र जारी भएकै प्रबर्द्धकको नाममा विद्युत उत्पादनको अनुमतिपत्र प्रदान गरिनेछ ।

तर व्यक्तिको नाममा विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र जारी भएको र निजले आफु समेत संलग्न रहेको कम्पनीको नाममा जारी गर्न माग गरेमा उक्त कम्पनीको नाममा विद्युत उत्पादनको अनुमतिपत्र जारी गर्न सकिनेछ ।

(६)ऐन तथा नियमावलीको योग्यता र आवश्यकता पूरा गरेको खण्डमा समितिको सिफारिसमा नगर कार्यपालिकाले अनुमति पत्र जारी गर्न सक्नेछ ।

(७) विद्युत उत्पादन अनुमति पत्र अनुसूची ५ को ढाँचामा हुनेछ

(८) उत्पादन अनुमति पत्रको अवधि तीस वर्षको लागि हुनेछ ।

(९) उपनियम (८) को अवधिमा प्राकृतिक प्रकोप, विपद् वा अन्य कुनै मनासिब कारणले निर्माण हुन नसकेको भनी प्रवर्द्धकले निवेदन पेस गरेमा नगर कार्यपालिकाले तोकिएको दस्तुर लिई अनुमति अवधि थप गरिदिन सक्नेछ ।

८. **निर्माण कार्य समाप्त अनुमतिः** (१) दफा ७ बमोजिम अनुमति प्राप्त भएको **तीन** वर्षभित्र निर्माण कार्य सम्पन्न गरी प्रसारण अनुमतिका लागि सम्बन्धित निकायमा निवेदन दिनुपर्नेछ ।

## परिच्छेद - ४

## अनुमतिपत्र हस्तान्तरण सम्बन्धी व्यवस्था

९. **अनुमति पत्र हस्तान्तरणः**(१) ऐन तथा नियमावली बमोजिम प्रदान गरिएको अनुमति पत्रको हक/स्वामित्व हस्तान्तरण सम्बन्धमा प्रचलित कानुन र अनुमति प्राप्त व्यक्तिको विनियम/विधान अनुसारको प्रक्रिया पूरा गरी कार्यालय समक्ष

निवेदन पेस भएमा नगर कार्यपालिकाले नवीकरण दस्तुर बराबर दस्तुर लिई अनुमति पत्रको हक हस्तान्तरण गराई नयाँ अनुमति जारी गरिदिन सक्नेछ।

(२) उपनियम (१) को प्रयोजनका लागि ऐन तथा नियमावलीमा उल्लेख भएको योग्यता पूरा भएको हुनुपर्नेछ।

## परिच्छेद - ५
## विविध

**१०.सर्वेक्षण अनुमति पत्रको अवधि थप/ नवीकरणः** ऐनको दफा ६ को उपदफा (२) बमोजिम प्राप्त हुने अनुमति पत्र बहाल रहेको अवधिमा सर्वेक्षण समाप्त नभएमा सर्वेक्षण अनुमति दस्तुरको पचास प्रतिशत दस्तुर लिई बढीमा सुरू अवधिको पचास प्रतिशत समय थप गर्न सकिनेछ।

**११.उत्पादन अनुमति पत्रको नवीकरणः** उत्पादन अनुमतिको नवीकरण तोकिएको दस्तुर बुझाई वार्षिक रुपमा गर्नुपर्नेछ।

**१२.आयोजना क्षमता निर्धारणः**(१) यस नियमावलीमा जुनसुकै कुरा लेखिएको भएता पनि अनुमतिपत्र माग गरी पेश गरेको दरखास्त साथ माग भएको क्षेत्रमा आयोजनाको क्षमता, आयोजना प्रस्ताव गरी विद्युत विकास विभागमा कुनै दरखास्त परेको नपरेको वा केन्द्रिय स्तरमा कुनै आयोजना भए नभएको एकिन गर्नको लागि कार्यालयले माग गरेको क्षेत्र खुलाई विभागमा निवेदन दिएमा विद्युत विकास विभागबाट जानकारी आएमा कार्यालयले अनुमतिपत्र सम्बन्धि दरखास्त उपर कारवाही अगाडी बढाउने छ।

**(२)** कार्यालयले आवश्यक ठानेमा प्राविधिक सहयोगको लागि विभागमा अनुरोध गर्न सक्नेछ।

**(३)** प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ।

**१३.**विशेष व्यवस्थाः यो निर्देशिका लागू हुनु अगाडी यस कार्यालयबाट सर्वेक्षण अनुमति लिँदा निःशुल्क अनुमति प्राप्त गर्ने प्रवद्र्धकलाई विद्युत उत्पादन/प्रशारण र वितरणको अनुमति दिँदा सर्वेक्षण अनुमतिको लागि लाग्ने दस्तुर लिई नगर कार्यपालिकाले उत्पादन,प्रशारण, वितरणको अनुमति दिनेछ।

**१४.अनुमति रद्ध हुने अवस्थाः** अनुमति पत्रमा तोकिएको सर्तहरूको पालना नगरेमा, ऐन र नियमको प्रतिकुल हुने गरी कार्य गरे गराएमा, प्रचलित नियमानुसार बुझाउनुपर्ने रोयलटी नबुझाएमा नगर कार्यपालिकाले जुनसुकै अवस्थामा जानकारी दिई वा नदिई अनुमति पत्र रद्ध गर्न सक्नेछ।

**१५. स्वेच्छिक अनुमति खारेजीः**(१) यसअघि विद्युत विकास विभाग वा साविकको जिल्ला जलस्रोत समितिबाट जारी भएका विद्युत उत्पादन सर्वेक्षण अनुमतिपत्र तथा विद्युत उत्पादन अनुमतिपत्र सम्बन्धित प्रबर्द्धक कम्पनीले खारेज गर्न चाहेमा यस नगरकार्यपालिकाको बैठकबाट अनुमोदन गराइ सो अनुमतिपत्र खारेज गर्न सकिनेछ।

(२) उपनियम (१) बमोजिम अनुमतिपत्र खारेज गर्दा प्रबर्द्धक कम्पनीले संचालक समितिको निर्णय अनिवार्य रुपमा कार्यालयमा पेश गर्नुपर्नेछ। सो अनुमतिपत्र खारेजीको जानकारी विद्युत विकास विभागलाइ गराइनेछ।

**१६.खारेजी तथा बचाउः**(१) यसअघि विद्युत विकास विभाग वा साविकको जिल्ला जलस्रोत समितिबाट सर्वेक्षण, निर्माण, उत्पादन, प्रसारण वा वितरण अनुमति लिएका आयोजनाहरु २०८३ असार मसान्त भित्र सूचीकरण भई सक्नु पर्नेछ।

(२) नियम ७ को उपनियम (८) को अवधि समाप्त भए पश्चात आयोजना स्वतः नगरपालिकाको स्वामित्वमा आउनेछ।

(३) अनुमति पत्रको अवधि गणना गर्दा पहिलो पटक अनुमति लिएको अवधिबाट गणना गरिनेछ। तर अवधि गणनाको लागि विपद् प्रकोपबाट आयोजना सञ्चालन गर्न नसकिने भई अवरूद्ध भएको अवस्थामा नगर कार्यपालिकाले सो अवधि एकीन गरी घटाउन सक्नेछ।

## अनुसूची १

( नियम २ को उपनियम (ट) संग सम्बन्धित )

फिदिम नगरपालिकाको क्षेत्र

२०७३ साल फाल्गुण २७ गते नगरपालिका घोषणा हुदाका बखत समावेस भएका साबिक नगरपालिका र गाउँ बिकास समितिको क्षेत्र सहित फिदिम नगरपालिकाको क्षेत्र

(१) फिदिम नगरपालिकाको वार्ड नं १,२,३,४,५,६,७,८,९,१०,११ को सम्पूर्ण भू–भाग।

(२)रानीटार गाउँ बिकास समितिको वार्ड नं १,२,३,४,५,६,७,८,९ को सम्पूर्ण भू–भाग।

(३) लुङरुपा गाउँ बिकास समितिको वार्ड नं १,२,३,४,५,६,७,८,९ को सम्पूर्ण भू–भाग।

(४) नागिन गाउँ बिकास समितिको वार्ड नं १,२,३,४,५,६,७,८,९ को सम्पूर्ण भू–भाग।

(५) लुम्फाबुङ गाउँ बिकास समितिको वार्ड नं १,२,३,४,५,६,७,८,९ को सम्पूर्ण भू–भाग।

(६) याङनाम गाउँ बिकास समितिको वार्ड नं १,२,३,४,५ को सम्पूर्ण भू–भाग।

**फिदिम नगरपालिका गठनको भू–भाग**

| क्र सं | साबिक नगरपालिका र गाउँ विकास समितिको नाम | साबिकको वार्ड नं | हालको वार्ड नं |
|---|---|---|---|
| १ | फिदिम नगरपालिका | १ | १ |
| २ | फिदिम नगरपालिका | २ | २ |
| ३ | फिदिम नगरपालिका | ३ | ३ |
| ४ | फिदिम नगरपालिका | ४ र ५ | ४ |
| ५ | फिदिम नगरपालिका | ६ , ७ र ८ | ५ |
| ६ | फिदिम नगरपालिका | ९,१० र ११ | ६ |
| ७ | रानिटार गाउँ बिकास समिति | १ , २ ,३ र ४ | ७ |
| ८ | रानिटार गाउँ बिकास समिति | ५ , ६ , ७ र ८ | ८ |
| ९ | लुम्फाबुङ गाउँ बिकास समिति | १ ,२ ,३ ,४ ,५ ,६ ,७ ,८ र ९ | ९ |
| १० | याङनाम गाउँ बिकास समिति | १ ,२ ,३ ,४ र ५ | १० |
| ११ | नांंगीन गाउँ बिकास समिति | १ ,२ ,३ ,४ र ५ | ११ |
| १२ | नांगीन गाउँ बिकास समिति | ६ ,७ ,८ र ९ | १२ |
| १३ | लुङरुपा गाउँ बिकास समिति | १ ,२ ,३ ,७ ,८ ,र ९ | १३ |
| १४ | लुङरुपा गाउँ बिकास समिति | ४ ,५ र ६ | १४ |
| १५ | रानीटार गाउँ बिकास समिति | ९ | |

## अनुसूची २

( नियम ३ को उपनियम (१) संग सम्बन्धित )

सर्वेक्षण अनुमति पत्रका लागि निवेदनको ढाँचा

श्रीमान् नगर प्रमुखज्यू,

फिदिम नगरपालिका, पाँचथर

महोदय,

प्रस्तुत विषयमा तहाँ नगरपालिकाको क्षेत्रभित्र पर्ने ........................मा विद्युत उत्पादनको सर्वेक्षणको लागि फिदिम नगरपालिका लघु तथा साना जलविद्युत आयोजना (सञ्चालन तथा व्यवस्थापन ) नियमावली, २०८२ को नियम ३ को उपनियम (१) बमोजिम देहायको विवरणहरू समेत खुलाई यो दरखास्त पेश गरेको छु।

१. विद्युत उत्पादनको सर्वेक्षण गर्न चाहने व्यक्ति वा संस्थाको पूरा नाम र ठेगानाः-
२. उत्पादनको सर्वेक्षण गरिने विद्युतको किसिमः-
३. जलविद्युत उत्पादनको लागि सर्वेक्षण गरिने भएमा जलस्रोतको नामः
४. सर्वेक्षण गर्ने क्षेत्रः-

क) प्रदेश ख) जिल्लाः

ग) नगरपालिका घ) पूर्व ङ) पश्चिम

च) उत्तर छ) दक्षिण

५. सर्वेक्षणको प्रकृतिः-
६. सर्वेक्षण गर्न लाग्ने अनुमानित खर्च रू.........
(पुष्ट्याई गर्ने प्राविधिक तथा वित्तीय विवरण ......)
७. सर्वेक्षण गर्ने अवधिः-
मिति ................देखि मिति.......... सम्म
८. अन्य विवरणहरूः-
माथि उल्लेखित व्यहोरा ठीक साचौं हो झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

संस्थाको छाप

आधिकारिक व्यक्ति

सहीः-

नामः-

मितिः-

ठेगानाः-

## अनुसूची ३

( नियम ६ को उपनियम (४) संग सम्बन्धित )

## सर्वेक्षण अनुमति पत्रको ढाँचा

फिदिम नगरपालिका

नगर कार्यपालिकाको कार्यालय,

फिदिम, पाँचथर,

कोशी प्रदेश, नेपाल।

**अनुमतिपत्र संख्याः-**

**मितिः**

श्री...............।

विषयः विद्युत उत्पादन सर्वेक्षण अनुमति सम्बन्धमा।

महोदय,

प्रस्तुत विषयमा विद्युत उत्पादनको सर्वेक्षणको लागि अनुमतिपत्र पाउन मिति........ मा दिनु भएको माग निवेदन अनुसार फिदिम नगरपालिका, नगर कार्यपालिकाको ......औं बैठक (मिति...) को निर्णय अनुसार देहायको विवरण सहित फिदिम नगरपालिका लघु तथा साना जलविद्युत आयोजना (सञ्चालन तथा व्यवस्थापन ) नियमावली, २०८२ को नियम ६ को उपनियम (४) बमोजिम देहायको शर्तहरू सहित यो अनुमतिपत्र प्रदान गरिएको छ।

१. विद्युत उत्पादनको सर्वेक्षण गर्न चाहने व्यक्ति वा संस्थाको पूरा नाम र ठेगानाः-
२. उत्पादनको सर्वेक्षण गरिने विद्युतको किसिमः-
३. जलविद्युत उत्पादनको लागि सर्वेक्षण गरिने भएमा जलस्रोतको नामः
४. सर्वेक्षण गर्ने क्षेत्रः-
   क) प्रदेश ख) जिल्लाः
   ग) नगरपालिका घ) पूर्व ङ)पश्चिम
   च) उत्तर छ) दक्षिण
५. सर्वेक्षणको प्रकृतिः-
६. अनुमतिपत्र बहाल रहने अवधिः-
   मिति ...............देखि मिति.......... सम्म
७. शर्तहरू तथा अन्य प्रासंगिक कुरा-

**अनुमति पत्र प्रदान गर्ने अधिकारी**

नामः

पदः

हस्ताक्षरः

मितिः

## अनुसूची ४

( नियम ७ को उपनियम (१) संग सम्बन्धित )

**निर्माण /उत्पादन अनुमति पत्रका लागि निवेदनको ढाँचा**

श्रीमान् नगर प्रमुखज्यू,

फिदिम नगरपालिका, पाँचथर ।

महोदय,

प्रस्तुत विषयमा तहाँ नगरपालिकाको क्षेत्रभित्र पर्ने ......................मा विद्युत उत्पादनको सर्वेक्षणको लागि तहाँ कार्यालयको ......प.सं.... च.नं. .....मिति............को पत्रानुसार सर्वेक्षण अनुमति पत्र प्रदान गरिएकोमा निर्धारित समय अवधिमा ....सर्वेक्षण सम्पन्न गरी आयोजना निर्माण/उत्पादन अनुमति प्रदान गरिदिनुहुन देहायको विवरणहरू समेत खुलाई यो दरखास्त पेश गरेको छु।

१. विद्युत आयोजना निर्माण/उत्पादन गर्न चाहने व्यक्ति वा संस्थाको पूरा नाम र ठेगानाः-

२. उत्पादनको गरिने विद्युतको किसिमः-

३. जलविद्युत उत्पादनको गरिने जलस्रोतको नामः

४. सर्वेक्षण अनुमति पत्र सम्बन्धी विवरण (विस्तृत) –

५. उत्पादनको प्रकृतिः-

६. आयोजनाका लागि लाग्ने अनुमानित खर्च रू........

७. आर्थिक तथा प्राविधिक क्षमता पुष्ट्याई गर्ने प्राविधिक तथा वित्तीय विवरण ......

८. प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी विवरण (विस्तृत)

९. आयोजना सम्बन्धी कागजातः

१०. अन्य विवरणहरूः-

माथि उल्लेखित व्यहोरा ठीक साचोँ हो झुट्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

संस्थाको छाप

आधिकारिक व्यक्ति

सहीः-

नामः-

मितिः-

ठेगानाः-

## अनुसूची ५

( नियम ७ को उपनियम (७) संग सम्बन्धित )

निर्माण /उत्पादन अनुमति पत्रको ढाँचा

फिदिम नगरपालिका

नगर कार्यपालिकाको कार्यालय,

फिदिम, पाँचथर,

कोशी प्रदेश, नेपाल।

**अनुमतिपत्र संख्याः-**

**मितिः**

श्री...............।

विषयः विद्युत निर्माण/उत्पादन अनुमति सम्बन्धमा।

महोदय,

प्रस्तुत विषयमा विद्युत आयोजना निर्माण/उत्पादनको लागि अनुमतिपत्र पाउन तहाँले मिति........ मा दिनु भएको माग निवेदन सम्बन्धमा फिदिम नगरपालिका, नगर कार्यपालिकाको ......औं बैठक (मिति...) को निर्णय अनुसार देहायको विवरण सहित फिदिम नगरपालिका लघु तथा साना जलविद्युत आयोजना (सञ्चालन तथा व्यवस्थापन ) नियमावली, २०८२ को नियम ७ को उपनियम (७) बमोजिम देहायको शर्तहरू सहित यो अनुमतिपत्र प्रदान गरिएको छ।

१. अनुमतिपत्र पाउने व्यक्ति वा सङ्गठित संस्थाको पूरा नाम ठेगानाः-
२. विद्युत परियोजनाको नामः-
३. विद्युत शक्ति उत्पादन गर्ने साधनः-
४. जलस्रोतको उपयोग गरिने भएः-
   क) नदीको नामः
   ख) जलस्रोत उपयोग गरिने भएः-

| | | |
|---|---|---|
| प्रदेश | जिल्ला | नगरपालिका |
| पूर्व | पश्चिम | |
| उत्तर | दक्षिण | |

   ग) प्रयोग गरिने जलस्रोतको परिमाणः-
५. मुख्य मुख्य संरचनाहरूको विवरण र रहने स्थानः-
६. अनुमतिपत्र बहाल रहने अवधिः-
७. अन्य शर्तहरूः-

**अनुमति पत्र प्रदान गर्ने अधिकारी**
नामः
पदः
हस्ताक्षरः
मितिः

आज्ञाले
कुमार प्रसाद भट्टराई
प्रमुख प्रशासकीय अधिकृत